# रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## खस्यौली, पाल्पा
## ५ नं.प्रदेश, नेपाल

प्राविधिक सहायक करार पदपूर्ति गर्ने सम्बन्धी सूचना
दोश्रो पटक प्रकाशित मिति :-२०७७।०६।२२

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७।०७८ च.नं./PMEP/२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस रिब्दीकोट गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ६।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव :-
(क) सिभिल इञ्जिनियरिङमा प्रविणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,
(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ,
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागि अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको,

(ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

२. दरखास्त दिने स्थानः-रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, खस्यौली पाल्पा ।
३. दरखास्त दिने अन्तिम मितिः-२०७७।०६।२८ गते कार्यालय समय भित्र ।
४. आवेदन दस्तुरः-रु ५००।-(पाँच सय मात्र)
५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु
- नागरिकता
- न्युनतम योग्यताको लब्धांक पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने काजगात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा :- प्राविधिक सहायक पदपूर्ति प्रक्रिया सम्बन्धी कार्यविधिको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति प्रक्रिया सम्बन्धी कार्यविधिको दफा (९) बमोजिम हुनेछ ।
नोट :- प्राविधिक सहायक पदको लिखित परीक्षाको पाठ्यक्रम, आवेदनको ढाँचा र कार्यविवरण लगायत अन्य जानकारी www.ribdikotmun.gov.np मा उपलब्ध छ ।

.....................
प्रेमचन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत